# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

दिगो विकास लक्ष्य



३१औं
वार्षिक साधारण सभा

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

## Central Dairy Cooperative Association Ltd. Nepal (CDCAN)

नयाँ बानेश्वर, काठमाडौं ०१-४७९७२४२ cdcan.ktm@gmail.com
www.cdcan.coop.np

दर्ता नं. ३०५/०४९/०५०

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

## Central Dairy Cooperative Association Ltd. Nepal (CDCAN)

नयाँ बानेश्वर, काठमाडौं 01-४७९७२४२ cdcan.ktm@gmail.com
www.cdcan.coop.np

## सल्लाहकार समिति


सल्लाहकार
**मिनराज कंडेल**
९८५१०८५८३०


सल्लाहकार
**के.बी. उप्रेती**
९८५१०८४६०९


सल्लाहकार
**माधब कोइराला**
९८४१७७५३४९


सल्लाहकार
**चन्द्र प्रसाद ढकाल**
९८५१०२००४९


सल्लाहकार
**रमन पाठक**
९८६११७७९८२७


सल्लाहकार
**एक नारायण पौडेल**
९८४५११७२९४


सल्लाहकार
**धुब्र प्रसाद चौलागाई**
९८५१११५०६०


सल्लाहकार
**रामेश्वर पोखरेल**
९८५५०५८२९१

## सञ्चालक समिति


अध्यक्ष
**अम्मर बहादुर कुँवर**
९८५६०६०६३६


नि.अध्यक्ष/पदेन सदस्य
**नारायणप्रसाद देवकोटा**
९८५५०६९७७६


बरिष्ठ उपाध्यक्ष
**कृष्ण प्रसाद सापकोटा**
९८५१०९२८९०



उपाध्यक्ष
**भगीरथ तिमल्सिना**
९८४५०५४६९७


महासचिव
**रामप्रसाद आचार्य**
९८५११३०१०८


सचिव
**थानेश्वर सापकोटा**
९८५५०४४४०४


कोषाध्यक्ष
**बालकृष्ण उप्रेती**
९८४५०४६९८७


सदस्य
**हरि प्रसाद काफ्ले**
९८४७०३८१८२


सदस्य
**हरिहर सुवेदी**
९८४५०६३४४७


सदस्य
**रामचन्द्र पाठक**
९८५५०५८९३३


सदस्य
**केशव प्रसाद सापकोटा**
९८५१०३८४०३


सदस्य
**डिल्ली प्रसाद थपलिया**
९८५५०६०७८४


सदस्य
**रञ्जना पौडेल**
९८४१४८४५०१


सदस्य
**गंगा बिसुराल**
९८४१६७९६३३


सदस्य
**टिका बहादुर कटुवाल**
९८४२०२८४०६


सदस्य
**दिपेन्द्र कुमार आचार्य**
९८४२८२०२५७


सदस्य
**विदुर हुमागाई**
९८५५०७३८१०


सदस्य
**दिपक गौतम**
९८५७६३१३३०


सदस्य
**लेखनाथ पाण्डेय**
९८४७०३१५१३


सदस्य
**इन्द्र प्रसाद लुईटेल**
९८४८०२१४४३


सदस्य
**भरत बहादुर बिष्ट**
९८६५९८२०७२

## लेखा सुपरिवेक्षण समिति


लेखा संयोजक
**नवराज बराल**
९८४६२१३३०६


लेखा सदस्य
**शिव प्रसाद कोइराला**
९८४११०९०८२


लेखा सदस्य
**पर्शुराम विश्वकर्मा**
९८४८८२०१९५

## कर्मचारी


प्रबन्धक
**श्रीहरि दाहाल**
९८५११३२७१६


परियोजना संयोजक
**सीता थापा**
९८६९५७५२२८


प्रशासन तथा लेखा अधिकृत
**सुनिता थापा**
९८०२३५७८९७


कार्यालय सहायक
**भवानी धिताल भट्राई**
९८४१०००६४८

स्थायी लेखा नं. ६०१६४८१२४ दर्ता नं. ३०५/०४९/०५०

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

**Central Dairy Co-operative Association Nepal (CDCAN)**

नयाँबानेश्वर, काठमाडौं, फोन नं. ०१-४७९७२४२

प.सं/च.नं. : ०८२।०८३–१२९ मिति: २०८२/०९/०६

**श्री सम्पूर्ण दुग्ध उत्पादक सहकारी संघ/संस्था लि.,**

**बिषय : <u>साधारण सभामा अनिवार्य उपस्थित हुनेबारे ।</u>**

उपरोक्त सम्बन्धमा यस संघको ३१ औं वार्षिक साधारण सभा तपसिल मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमा छलफल तथा निर्णयको लागि आयोजना गरिने भएकोले तहाँको संघ/संस्थाको तर्फबाट प्रतिनिधी मनोनयन गरि तहाँको आधिकारीक लेटर प्याडमा यस संघलाई आ.व. २०८२/८३ सम्मको बुझाउनु पर्ने वार्षिक सेवा शुल्क सहित उपस्थित गराई दिनहुन हार्दिक अनुरोध गरिन्छ । यस संघमा अद्यावधिक सदस्य संघ/संस्थाहरु मात्र साधारण सभामा सहभागीता जनाउन सक्ने व्यहोरा अनुरोध गर्दै यथासिघ्र आ-आफ्नो संघ/संस्थाको विवरण तथा कागजात अद्यावधिक गराई दिनुहुन समेत हार्दिक अनुरोध छ साथै २९ औं वार्षिक साधारण सभाको निर्णय बमोजिम १ करोड भन्दा कम कुल पुँजी हुने संस्थाको वार्षिक शुल्क रु २०००, १ करोड भन्दा बढी कुल पुँजी हुने संस्थाको वार्षिक शुल्क रु ५००० र जिल्ला दुग्ध सहकारी संघको हकमा वार्षिक शुल्क रु ५००० तय भएकोले सम्पूर्ण सदस्य दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरुलाई आ.व. २०८१/८२ को लेखा प्रतिवेदन र कर चुक्ता अनिवार्य लिई उपस्थित हुन अनुरोध गरिन्छ ।

**प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२. कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०८२/०८३ कार्यक्रम तथा बजेट सम्बन्धमा ।
३. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. माइन्यूट प्रमाणित गर्ने प्रतिनिधि मनोनयन सम्बन्धमा ।
७. नीति तथा कार्यविधि सम्बन्धमा ।
८. विविध ।

स्थान : डिलाइट पार्टि भेन्यु, महालक्ष्मीस्थान चोक, ललितपुर (महालक्ष्मी मन्दिरसँगै) ।
मिति : २०८२ पौष २८ गते ।
समय : विहानको १०:३० बजे
सम्पर्क नं. : अध्यक्ष ९८५६०६०६३६, ब.उपाध्यक्ष ९८५१०९२८९०, महासचिव ९८५११३०१०८, व्यवस्थापक ९८५११३२७१६, कार्यालय: ०१-४७९७२४२

...............................
राम प्रसाद आचार्य
महासचिव

# विषयसूची



| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | अध्यक्षको वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२ | ३ |
| २. | कोषाध्यक्षको वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२ | १० |
| ३. | लेखा समितिको वार्षिक प्रतिवदेन आ.व. २०८१/०८२ | १६ |
| ४. | लेखा परिक्षकको वार्षिक प्रतिवेदन आ.व. २०८१/०८२ | १९ |



# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

**नयाँ बानेश्वर काठमाण्डौ**

## संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा
## ३१ औं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन

■ अम्मर बहादुर कुँवर, अध्यक्ष

केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपालको गरिमामय ३१ औं वार्षिक साधारण सभाको गरिमा बागमती प्रदेशको ललितपुरमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संचालकज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू एवं सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु एवं पूर्व संचालकज्यूहरु पत्रकारज्यूहरु एवं उपस्थित साधारण सभाका सम्पूर्ण प्रतिनिधी सदस्यज्यूहरु र कर्मचारीहरुमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस संघलाई वर्तमान अवस्थासम्म ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण दुग्ध उत्पादक किसानहरु, सहकारी संघ/संस्थाका प्रतिनिधिज्यूहरु, सल्लाहाकारज्यूहरु, शुभेच्छुक एवं शुभचिन्तक र एवं पथप्रदर्शक अग्रजहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

नेपालको अर्थतन्त्रमा कृषि/पशुपालन क्षेत्रले महत्वपूर्ण योगदान दिदै आइरहेको छ । नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब एक तिहाई (३१.६९%) रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा दुग्ध क्षेत्रले लगभग ९ प्रतिशत योगदान दिएको छ। यस क्षेत्रले ग्रामीण रोजगार सृजना गर्न, गरिवी निवारणमा सघाउ पुर्‍याउदै शहरको पुँजी ग्रामीण क्षेत्रमा वार्षिक १७ अरव रुपैयाँ भन्दा बढी प्रवाह गरी राष्टि«य अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

नेपालले दुग्ध क्षेत्रको करिव ७ दशक इतिहास पुरा गरेको सन्दर्भमा दुग्ध उत्पादक किसानहरु संगठित भई उत्पादन, संकलन गरी बजारीकरण गराई ग्रामीण अर्थतन्त्रलाई सुदृढ तुल्याउन हरेक दिन शहरको पुँजी गाउँ पुऱ्याउने माध्यम बनेको दुग्ध सहकारी अभियानको नेतृत्व गरीरहँदा यसको लक्ष्य पूरा गर्नेतर्फ संघलाई अघि बढाउनका लागि संघका सेवाहरुलाई समेत परिष्कृत र परिमार्जन गरी दिगो रुपमा रुपान्तरण गर्नुपर्ने आवश्यकता छ ।

विगतका दिनहरुमा उत्पादन लागतका आधारमा कच्चा दूधको मूल्य वृद्धिका लागि लड्दै आइएकोमा अबको संघर्ष उत्पादन लागत न्यूनिकरण गराई मूल्य श्रृङ्खलाद्धारा दुग्ध उत्पादक किसानको जीवनस्तर उकास्नका लागि गुणस्तरीय उत्पादन अभ्यास कार्यक्रम, घाँस खेती, सहकारी दाना उद्योग, साइलेज उत्पादन कार्यक्रम, सहकारी पशुपालन, स्रोतकेन्द्रको व्यवस्थापन, नश्ल सुधार कार्यक्रम संघ र प्रदेश, सरकारद्धारा निर्मित पाउडर प्लान्ट समय सापेक्ष सहकारी साझेदारी मार्फत संचालन गर्न गराउन नेपाल सरकार मार्फत पहल कदमी गरिनेछ ।

पशुपालनमा समय समयमा आउने विपत्ति र पशु जन्य रोगहरुको कारणले कृषि तथा दुग्ध क्षेत्रमा आवद्ध पशुपालन कृषकहरुलाई नराम्रो असर पारेकोले उक्त माहमारीबाट आक्रान्त भएका कृषकहरुलाई उत्साहा जगाई सोही पेशमा समाहित गर्न सरकारलाई अनुरोध गरिनेछ । पशुपालक कृषकहरुले नियमित दुध उत्पादन गरी आफ्नो रोजिरोटी चलाईरहेको अवस्थामा दूध बन्द र बजार अस्त व्यस्तताको कारणवाट नियमित दूध बिक्री वितरण गर्न कठिन्याई हुनु र पशुआहार पनि नियमित उपलब्ध हुन नसक्दा पशुवस्तुहरुमा पनि अनुत्पादक बढ्दै ठूलो समस्या झेल्नु परेको अवस्थामा उत्पादन गरेको दूधलाई ब्यवस्थित गरी दूध सहकारी मार्फत दूध उद्योगहरुमा बिक्री गरिएको दूधको समयमै भुक्तानी नपाउँदा कृषकहरु मर्माहित भएको अवस्थाले गर्दा सबै विषयहरुलाई समय समयमा सरकारलाई ध्यानाकर्षण गराउँदै धूलो दूध उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गराई किसानहरुको नियमित दूध विक्री र समयमा भुक्तानी ब्यवस्था गर्न मन्त्रालयमा पहल गरिदै आएका छौं ।

उत्पादन वृद्धिमा अर्बौं खर्चेर कृषकहरुले यो पेशामा अनवरत संलग्न रहेको अवस्थामा सरकारबाट राहत र किसानका समस्यालाई समयमा नै सम्बोधन हुन सकेन पशुवस्तुमा पनि अत्यन्त जटिल रोगको विगविगी भएको कारणले पशुवस्तुलाई आवश्यक अनुसारको घाँस दाना पर्याप्त नभएकोले उत्पादन घट्नुको साथै समयमा औषधि उपचार नपाएकोले पशुवस्तुलाई आफ्नो गोठबाट हटाउनुको विकल्प नभएको हुँदा पुन यस पेशावाट पलायन हुने अवस्था सिर्जना भएको बिषयमा सरकार समक्ष ध्यानाकर्षण गराउन चाहन्छौं ।

वाह्य मुलुकबाट दुग्धजन्य पदार्थ आयातलाई पूर्णरुपमा निरुत्साहित गर्दै उत्पादनको बजार ग्यारेन्टी गर्न सरकारबाट प्रतिबद्धता हुनुपर्ने र दुग्ध जन्य उद्योगहरु विभिन्न प्रकारका धुलो दूध उद्योग, चक्लेट उद्योग लगायतका अन्य उद्योगहरु, निजी क्षेत्र र सहकारी मार्फत संचालन गर्न सरकारले आवश्यक पूँजीको व्यवस्थापन गर्नुपर्दछ । उद्योग संचालनका सरल विधि अघि बढाई किसानले उत्पादन गरेको दुधको

लागत मुल्यको आधारमा विश्लेषण गरी उचित मुल्य कायम गर्नु पर्ने देखिन्छ। नेपालको दुधको मुल्यलाई अन्य देशको मुल्यसँग दाँजिने हो भने अन्य देशको किसानले प्राप्त गर्ने सेवासुविधा पनि सोही बमोजिम उपलब्ध भएको खण्डमा किसानहरुले प्रतिस्पर्धात्मक रुपमा दूध उत्पादन गर्दछन्, नीतिगत रुपमा समय सापेक्ष अन्य वस्तुको मूल्य बृद्धि संगसंगै दूधको मूल्य समायोजन गर्ने बारे ऐन र विनियममा व्यवस्था गरिनु पर्दछ।

यस संघमा दुग्ध उत्पादक सहकारी संघ/संस्था मध्ये हालसम्म ८३३ संघ/संस्था आबद्ध भैसकेका छन् भने आबद्धताको क्रम बढ्दो छ। संजालको हिसावले सक्षम यो संघ आर्थिक अवस्था कमजोर भएका कारण संस्थाहरुको आवश्यकता र अपेक्षा बमोजिम सेवा प्रबाह गर्न सकिरहेको छैन। यस अभियानकै क्रममा गठित सहकारी संस्थाहरुलाई एकिकृत बनाई संस्थागत रुपमासदस्यहरुलाई कृषि र पशुपालन पेशाको माध्यमबाट तिनै तहका सरकार दातृ संघ/संस्था, बित्तीय निकायबाट सहयोग लिई व्यवसायिक रुपमा पशुपालन अघि बढाउदै उनीहरुको आय आर्जनमा बृद्धि गरी जीवनस्तर उकासी मुलुकलाई दूध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन सिप बिकासका लागि समन्वय गर्दैदुग्धजन्य पदार्थ जस्तै छुर्पी, घिउ, चिजहरु अन्तराष्ट्रिय बजारीकरण गर्ने कार्य अघि बढाउन नेपाल सरकारलाई अनुरोध गरिनेछ।

**अदरणीय प्रतिनिधीज्यूहरु,**

संघको ३१ औं बार्षिक साधारण सभासम्म आइपुग्दा सहकारीका मूल्य-मान्यता र सदस्य संस्थाको समस्यालाई मनन गर्दै आगामी दिनहरुमा ब्यवस्थापकिय एवं आर्थिक हिसावले समेत सदस्य संघ संस्थाको समस्या समाधान गर्नका लागि अझै कृयाशिल हुने कुरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु।

दुग्ध व्यवसायले शहरको ठूलो पुँजी ग्रामिण क्षेत्रमा प्रबाह गराई ग्रामिण अर्थतन्त्रको उत्थानमा उल्लेखनीय भूमिका निर्बाह गर्दै आएको छ। निर्वाहमुखी पशु पालन गरी दूध बिक्रि गरिरहेका किसानहरुलाई ब्यवसायिक बनाउने र किसानहरुको आर्थिक अवस्था मजबुतर व्यवस्थित बनाउँदै युवा जनशक्तिलाई पशुपालन पेशामा आबद्ध गराई गरिबी न्यूनिकरण मार्फत देशलाई सम्बृद्धि तर्फ लान नेपाल सरकारले यो पेशालाई मर्यादित र आकर्षित बनाउन अति आवश्यक छ।

यस संघको पहलमा उत्पादनका आधारमा भएको अनुदान कार्यक्रमलाई निरन्तरता दिई तीनै तहका सरकारहरुबाट यो कार्यक्रमलाई व्यापक रुपमा अघि बढाउँदै उत्पादनको आधारमा प्रतिलिटरमा रु ५ नघट्ने गरी अनुदान रकम वृद्धि गर्दा कृषकहरुको हातैमा उक्त रकम पुग्ने हुँदा र यस कार्यक्रमबाट पशुपालनमा उर्जा थपिने हुनाले यसलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छौं।

किसानको उत्पादन लागतको तुलनामा कच्चा दूधको किसान मूल्य कम छ। समय सापेक्ष दूधको मूल्य वृद्धि गरी लागत घटाउने कार्यक्रमलाई दुग्ध नीतिका आधारमा लागत न्यूनीकरण जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला निकायको अनिवार्य सहभागिता गराई अघि बढाउन अनुरोध गर्दछौं।

दुग्ध व्यवसायले देशको ग्रामिण क्षेत्रका बिपन्न वर्गलाई रोजगारीको अवसर श्रृजना गर्दै कृषकको आय आर्जनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। दुग्ध क्षेत्रको लगानीलाई व्यवसायिक एवं दीगो विकासका लागि प्रविधिको विकास, गुणस्तर सुधार, बजारको सुनिश्चितता, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गरी पाडा बाच्छीको संरक्षण गरी श्रोतकेन्द्र स्थपना गरी गरी उन्नत नश्लका साढे राँगा आयात गरी कृतिम गर्भाधान गराई किसानहरुको पेशा संरक्षण गर्न संघले विगत देखीनै पहल कदमी गर्दै आएकोमा नेपाल सरकारबाट उन्नत साढे ,उन्नत मूर्रा रांगा आयात भएकोले अब नेपाल छिटै नै उन्नत नश्लका सिमेन सबै किसानहरुले प्राप्त गर्ने आसा जागेकोछ।

**आदरणिय प्रतिनिधीज्यूहरु,**

गत साधारण सभा सम्पन्न भए पश्चात् दूध क्षेत्रमा आएका चुनौतीहरु समाधानको लागि संघले गरेका पहलहरुका सम्बन्धमा संक्षिप्त एवं समिक्षात्मक रुपमा उल्लेख गर्न चाहान्छु।

- मिति २०८१ जेठ १० गतेको भर्च्युअल बैठकबाट दूधको भूक्तानी बक्यौता सम्बन्धमा नेपाल सरकारलाई दवाव मूलक कार्यक्रम गर्ने जानकारी गराइयो।
- मिति २०८१ जेठ २० गतेको सञ्चालक समितिको बैठक बसी मिति २०८१ जेठ २५ गतेबाट कालोपाटी बाँध्ने कार्यको शुरुवात भयो।
- मिति २०८१ असार ५ गते दुग्ध विकास संस्थानमा ताला बन्द गर्ने कार्यको घोषणा हुँदा नेपाल सरकारबाट दुग्ध विकास संस्थानलाई सहुलियत व्याजमा रु ६० करोड रुपैया भुक्तानीको व्यवस्था मिलाउने कार्य गरीयो।

- मिति २०८२ भाद्र २४ गते दूधको भुक्तानी बक्यौता, अबैध तवरबाट दूध तथा दुग्धजन्य पदार्थ आयात सम्बन्धि विषयमा डेरी उद्योगीहरुसँग छलफल गरी नेपाल सरकारलाई उल्लेखित विषयमा अनुगमन समिति बनाई आयात रोक्न र भुक्तानी सहज बनाउन समेत पहल गरीयो ।
- मिति २०८२ कात्तिक ९ गतेको सञ्चालक समितिको बैठक बसी भारत तथा अन्य मुलुकबाट आयात गरीने भनिएको दूध तथा दुग्धजन्य पदार्थहरुलाई मन्त्रालय र विभिन्न निकायहरुलाई जानकारी गराई आयात रोक्ने काम गरीयो ।
- कच्चा दूधको गुणस्तर सुधार लगायतका कार्यक्रमहरुमा साझेदारी गर्न सहयोगी संस्थासँग सहकार्यमा कार्यक्रमहरु गरिएको ।
- विभिन्न साझेदारसँगको सहकार्यमा विभिन्न तालिम कार्यक्रम गरिएको ।
- सदस्य संघ/संस्थाको व्यवसायिक, आर्थिक तथा संस्थागत क्षमता अभिबृद्धिको लागि बिभिन्न निकायहरुमा प्रस्तावनाहरु तयार गरी सहकार्यको लागि पेश गरिएको ।
- संघिय सरकार र प्रदेश सरकारका कार्यालयसँग समन्वय गरी सदस्य संस्थाहरुमा मिल्क एनलाईजर, चिलिड भ्याट तथा अन्य अनुदानका कार्यक्रम उपलब्ध गराउन पहल गरिएको ।
- स्थानीय तहहरुसँगको सहकार्यमा समेत कार्यक्रमहरु सञ्चालन गरीएको ।
- हेफर प्रोजेक्ट नेपालको सहयोगमा "नेपालको दुग्ध क्षेत्रको रुपान्तरणका लागि मिल्की वे कार्यक्रम" अन्तरगत दुग्ध क्षेत्रको रुपान्तरणका लागि प्रबिधि र असल अभ्यास प्रबर्द्धन परियोजना नेपालका ५ लाख कृषक माझ पुग्न यस केन्द्रीय दुग्ध सहकारी संघमार्फत कार्यक्रम चितवन जिल्लाबाट गत वर्षबाट शुरुवात भएकोछ । नेपालमा पशुपालनबाट जुन किसिमको अपेक्षा राखेर विदेशबाट फर्किएर पशुपालन र दूध उत्पादन गर्ने जमर्को गरेतापनि अपेक्षा अनुसारको उपलब्धि नभएको कारणले व्यवसायबाट विस्थापित हुने अवस्था देखा पर्न थाल्यो यसै सन्दर्भमा यो व्यवसायलाई दिगो र भरपर्दो बनाउन संघले विभिन्न निकायसँग साझेदार गर्ने कार्यको खोजी गर्ने क्रममा हेफर प्रोजेक्ट नेपालले विदेशबाट उच्च नश्ल गाइका बाच्छी आयात गरी उत्पादकत्व बढाउने अभियान सिन्धुली जिल्लाबाट सुरुवात भएकोछ त्यस सम्बन्धमा केन्द्रीय संघले हेफर प्रोजेक्ट नेपालसँग सहकार्य गरी यो अभियानलाई देशैभरी फैलाउन परियोजनासँग पटक पटक छलफल गरी कार्यक्रम गर्न प्रस्ताव राखेकोले उक्त प्रस्तावलाई उपयुक्त ठानी दुई पक्ष विचको समझदारीबाट गत आर्थिक वर्षमा सम्झौता गरी चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.बाट मिल्की वे कार्यक्रमको थालनी हुँदै गर्दा जर्सी भ्याली परियोजना समेत थप गरी गण्डकी प्रदेशको कास्की, तनहुँ र नवलपुरमा उक्त कार्यक्रम प्रारम्भ हुँदैछ । यस कार्यलाई संघले आफ्ना मातहतका जिल्ला संघहरुको माध्यमबाट सदस्या संस्थाहरु मार्फत किसानको आवस्यकताको पहिचान गरी उत्पादन बृद्धि गराउने र यो पेशालाई सम्मानित पेशाको रुपामा अगाडी बढाउदै जाने गरी अभियानको थालनी भएकोछ । यसले नेपालको ग्रामिण अर्थतन्त्रलाई टेवा पुग्नेछ र किसानहरु आत्मनिर्भर हुँदै जाने छन् भन्ने विश्वास लिएका छौं ।
- उत्पादन, संकलन र बजारिकरणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने संघ/संस्थाको ठूलो भुमिका हुनेहुँदा किसानले उत्पादन गरेको दूध संघ/संस्थाहरुले संकलन गरी बजार व्यवस्था गर्नुपर्ने भएको हुँदा संघ/संस्थाको सञ्चालक समिति, कर्मचारीहरु क्रियाशिल नभएसम्म दिगो र भरपर्दो हुँदैन भन्ने हाम्रो निश्कर्ष हो । त्यसैले हेफर प्रोजेक्ट नेपाल र यस केन्द्रीय संघ विच छलफल भई २०८२ मंसिर १७ गतेबाट कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका १६ वटा जिल्लाका जिल्ला दुग्ध उत्पादक सहकारी संघको अनुगमन गरियो । अनुगमन प्रतिवेदन अनुसार संघहरु कमजोर अवस्था रहेको देखियो । अत संघलाई क्रियाशिल बनाउन अभियानकै थालनी गर्नुपर्ने तत पश्चात मात्र किसानहरुको हक हितमा काम गर्न सकिने र सरकार र सो परियोजनाहरुलाई हुनुलार्य विश्वास दिलाई कार्यक्रम बजेटहरु प्राप्त गर्न सक्ने भएको हुँदा यसलाई क्रमश क्रियाशिल बनाउन जोड दिनेछौं ।
- राष्ट्रिय दुग्ध विकास बोर्ड र केन्द्रीय दुग्ध सहकारी संघको आर्थिक सहकार्यमा काठमाडौं जिल्लामा १ दिने दुग्ध क्षेत्रमा देखिएका अवसर, चुनौति, समस्या र समाधान विषयक अन्तरक्रियात्मक गोष्ठी, काभ्रे जिल्लामा ५ दिने मिल्क एनालाइजर सञ्चालन एवं मर्मत सम्भार तालिम, चितवन जिल्लामा १ दिने दुग्ध क्षेत्रमा देखिएका अवसर, चुनौति, समस्या र समाधान विषयक अन्तरक्रियात्मक गोष्ठी र बारा जिल्लामा ५ दिने प्रदेश स्तरी दुधालु गाई भैंसी आहार व्यवस्थापन तालिम (Ration Balance App) कार्यक्रमहरु सञ्चालन गरिएको ।
- 'नेपालको दुग्ध क्षेत्रको रुपान्तरणका लागि प्रविधि र उत्कृष्ट अभ्यासहरूको प्रवर्द्धन' परियोजना अन्तर्गत, **हेफरले** केन्द्रिय दुग्ध सहकारी संघ लि नेपाल मार्फत नेपालमा दुग्ध क्षेत्रको दिगो विकास र सहकारी सुदृढीकरणका लागि विविध कार्यक्रमहरू चितवन जिल्लामा सञ्चालन भएका थिए । यी कार्यक्रमहरूमा परियोजना कार्यान्वयनका लागि फोकल पर्सन परिचालन, मासिक प्रगति समीक्षा बैठक, त्रैमासिक सरोकारवालासँग समीक्षा कार्यशाला, DMPCU सम्बद्ध MPC हरूमा अनुगमन र प्राविधिक सहयोग, दुग्ध संकलन केन्द्रमा उपकरण मर्मतका लागि मेकानिक/इन्जिनियर परिचालन, हेफर आधारशिला तालिम, र जलवायुमैत्री असल पशुपालन अभ्यास

तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम समावेश थिए। यी सबै गतिविधिहरूको उद्देश्य स्रोत किसान र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि, प्रविधि र असल अभ्यासको कार्यान्वयन, सहकारी सञ्चालनमा दक्षता, र सामुदायिक सहभागिता सुनिश्चित गर्नु हो। अनुगमन र प्राविधिक सहयोगले :एऋ स्तरमा सेवा प्रभावकारिता सुनिश्चित गरेको छ। मेकानिक/इन्जिनियरको परिचालनले प्रविधिको प्रभावकारी प्रयोग र उपकरण व्यवस्थापन मार्फत कामको गुणस्तर र उत्पादन क्षमतामा सुधार ल्याएको छ, जसले स्रोत किसानर सहकारीका दैनिक सञ्चालनमा सहजता र प्रभावकारिता थपेको छ। हेफर आधारशिला तालिम र जलवायुमैत्री असल पशुपालन अभ्यास तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरूले बोर्ड सदस्य, कर्मचारी र स्रोत किसान/प्रशिक्षकहरूको नेतृत्व क्षमता, सहकारी सञ्चालन दक्षता, प्रविधि/असल अभ्यास कार्यान्वयन, र सामुदायिक सहभागिता उल्लेखनीय रूपमा वृद्धि गरेको छ। परिणामस्वरूप सहभागीहरूले प्रविधि र असल अभ्यास आत्मसात गर्ने क्षमता हासिल गरेका छन्, सहकारी सञ्चालनमा दक्षता र नेतृत्व क्षमता सुधारिएको छ, र परियोजनाका लक्ष्य, स्रोत किसानको क्षमता सुदृढीकरण र दुग्ध क्षेत्रको दीगो विकासमा ठोस योगदान पुगेको छ।

- फेकोफन अन्तर्गत एफएओको साना अनुदान कार्यक्रम मार्फत काभ्रे जिल्लाको धुलिखेल नपा २ रविमा रहेको सेतीदेवी र देउराली दुग्ध उत्पादक संस्थाका कृषकहरुलाई असल/गुणस्तरीय उत्पादन अभ्यास तालिम, जलवायुमैत्री असल पशुपालन अभ्यास तालिम, घाँस र घाँसमा आधारित कृषि उत्पादन पहिचान र सामुदायिक बनसँग एकिकरण सम्बन्धि कार्यशाला गोष्ठी, मिथेन ग्याँस कम गर्न प्रभावकारी र कुशल गाइवस्तुको मल व्यवस्थापन सम्बन्धि कार्यशाला गोष्ठी, उत्कृष्ठ जलवायु पुर्वाधारका चारवटा मोडलको स्थापना, मूल्य अभिवृद्धि र ब्रान्डिङ तालिम र हेफर प्रोजेक्टद्धारा सिन्धुलीमा स्थापपित कोरिया नेपाल मोडेल डेरी भिलेजको अध्यन, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु गरिएको।
- चिलिङ भ्याट, मिल्क एनालाईजर, गोठ सुधार लगायतको कार्य संचालन गर्न सरोकारवाला निकायसंग समन्वय गरिएको।
- वाग्मती प्रदेश र संघको साझेदारीमा काउ म्याट वितरण, मेशीनरी सामान सुदृढीकरण तथा तालिम कार्यक्रमलाई अगाडि बढाईएको।
- यस संघले किसानहरुले उत्पादन गरेको कच्चा दूधको बजार सुनिश्चितका लागि, बाह्य मुलुकको दूध तथा दुग्धजन्य पदार्थ र धुलो दूध आयात बन्द गर्ने लगायत बिषयलाई मन्त्रालय र बिषयगत निकायमा डेलिगेसन तथा दवावमुलक कार्यक्रम संचालन गरिएको।
- सदस्य संघ/संस्थाको तथ्यांक ब्यवस्थापनको लागि सफ्टवेयर निर्माण गरी नमुनाको रुपमा दुग्ध उत्पादक सहकारी संस्थाहरुमा जडान गरिएकोमा उक्त कार्यक्रमलाई थप परिष्कृत गर्ने कार्य अघि बढाइएको।
- प्रदेश सरकारहरुसँग सरकारी, सहकारी निजी साझेदारीमोडेलमा संचालन गर्नको लागि आवश्यक समन्वय भई यस वर्षबाट सहकारी मार्फत उत्पादन, प्रशोधन, विविधिकरण, असल दूध उत्पादन अभ्यास परियोजना संचालन जस्ता कार्यक्रम अघि बढाउने गरी यस वर्षबाट कार्यक्रम सुरुवात भएको।
- एलओआई टेक्नोलोजीद्धारा काभ्रे, ललितपुर, चितवन, मकवानपुर र तनहुँका ५०० जना दुग्ध उत्पादक कृषकहरुलाई सहुलियत ब्याजदरमा कर्जा प्रवाह र तालिम जस्ता कार्यक्रम सञ्चालनार्थ सम्झौता बमोजिम कार्य अघि बढाइएकोमा काभ्रे, काठमाडौं, चितवन, ललितपुर मकवानपुर र बारा जिल्लाका १३ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरुमा तालिम कार्यक्रम सम्पन्न गरी कर्जा कार्यक्रम अगाडी बढाइएको।
- केन्द्रीय संघले गरेको आन्दोलन वार्ता छलफल तथा दवावका कारण सरकारले ९० करोड दुग्ध विकास संस्थानलाई ऋण उपलब्ध गराई कृषक भूक्तानीमा केही सहज भएको।

**आदरणीय प्रतिनिधी ज्यूहरु,**

विगतमा यस समितिले बनाएका दिर्घकालीन योजनाहरुलाई निरन्तरता दिँदै गत साधारण सभाबाट अनुमोदन भई कार्यान्वयन तथा प्रयत्न गरिएको कार्यक्रमहरुको समिक्षा संगै यस संघको आ.व.२०८२।०८३ मा गरिने कार्यक्रमहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क) संघको निजी भवन**

केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपालको स्थापना भएको लामो समय भई सक्दा समेत यसको स्थाई कार्यालयको अभावमा संघको गतिविधिलाई सहज तरिकाबाट सञ्चालन गर्न कठीनाइ भएको हुँदा नेपाल सरकारसँग काठमाडौं, ललितपुर र भक्तपुर क्षेत्रभित्र सरकारी जग्गा तथा सरकारी खाली भवन उपलब्ध गराउन अनुरोध गरीएकोमा दुग्ध विकास बार्डमा सम्पर्क कार्यलय सञ्चालन गर्ने गरी माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारी ज्यूको अध्यक्षतामा एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दिपक कुमार खराल ज्यूको साथै राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र प्रसाद यादव ज्यूसमेतको उपस्थितिमा बोर्ड सदस्य र सरोकारवालाहरुका सहभागितामा मिति २०८२ भाद्र ८ गते बसेको बोर्ड बैठकको निर्णयानुसार केन्द्रीय दुग्ध सहकारी संघ लि.

का लागि सम्पर्क कार्यालयको रुपमा रहनेगरी राष्टि«य दुग्ध विकास बोर्डले बैकल्पिक व्यवस्था गरी एउटा कोठा र बैठक बस्नुपरेको बेलामा बैठककक्ष प्रयोग गर्ने गरी उपलब्ध गराउने जुन निर्णय भएकोछ सो निर्णय प्रति माननीय कृषि मन्त्री रामनाथ अधिकारी, श्रमान् सचिव दिपक कुमार खराल, राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र प्रसाद यादव एवं सरोकारवाला निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**ख) तालिम तथा सदस्य शिक्षा**

सदस्य संघ संस्थाहरुले सहकारीको नियम अनुसार शिक्षा तथा तालिम जिल्ला दुग्ध उत्पादक सहकारी संघले परिचालन गर्ने र त्यसमा केन्द्रीय संघले सहयोगी संघ संस्थाहरुको सहकार्यमा  कार्यक्रमहरु संचालन गरिनेछ। मिल्क एनालाइजर, चिलिङ भ्याट मर्मत सम्बन्धि छोटो अवधिको तालिम आयोजना गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ। सदस्य संघ संस्थाहरुको संस्थागत सुशासन र सुधारका लागि लेखा व्यवस्थापन तालिम, सहकारी व्यवस्थापन तालिम, सहकारी तथा गरिबी निवारण सूचना प्रणाली तालिम, असल उत्पादन अभ्यास तालिम तथा व्यवस्थापन नेतृत्व विकास तालिमलाई समेत निरन्तरता दिइनेछ।

**ग) सुलभ कर्जा कार्यक्रम**

सरकारले कृषिमा सर्वसुलभ कर्जा प्रवाह गर्ने कार्यक्रम भएकोमा साना तथा विपन्न किसानहरुको पँहुच नहुने भएकोले तिनै किसानहरु आबद्ध दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई कर्जा प्रवाहको माध्यम बनाउन र गत बर्षको पुनसंरचनामा धेरै पूर्वाधार नभएका गा.बि.स.हरु नगर क्षेत्रमा परेकोले उक्त नगर क्षेत्रका किसानहरुलाई समेत सुबिधा उपलब्ध गराउन सुलभ कर्जाको व्यवस्थापनमा संघले पहल गर्नेछ।

**घ) गुणस्तर सुधार तथा तालिम कार्यक्रम**

दूधको उत्पादन संगै कम लागतमा गुणस्तरीय दूध उत्पादन गर्नुपर्ने आजको चुनौती भएकोले तिन तहका सरकार र गैरसरकारी संघ/संस्था एवं डेरी उद्योगहरुलाई त्यस तर्फ केन्द्रीत गराउँदै कार्यक्रम व्यापक रुपमा अगाडि बढाइनेछ।

**ङ) तथ्यांक संकलन कार्य**

विभिन्न साझेदारसँगको सहकार्यमा तयार भएको सफ्टवेयर तथा सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (CoPoMIS) लाई सदस्य संस्थामा ब्यापक रुपमा लागु गर्न पहल गरिनेछ।

**च) सूचना संचार तथा प्रचारप्रसार**

दूधको गुणस्तर कायम गर्न किसान देखि उपभोक्ता सम्म आवश्यक पर्ने सूचनाहरु बिभिन्न माध्यमहरु जस्तै रेडियो, टेलिभिजन, प्रकाशन मार्फत किसानहरुसम्म पुऱ्याउनको लागि सरकारलाई अनुरोध गरिनेछ।

**छ) प्रादेशिक संरचना**

सहकारी ऐन २०७४ ले सहकारीमा देश सम्वृद्धि तर्फ उन्मुख भै आर्थिक समतामूलक समाजको स्थापना गर्दै अघि बढाउनका लागि दुग्ध क्षेत्र पनि एक मेरुदण्डको रुपमा रहेको छ। प्रदेश सरकारको पनि आफ्नो प्रदेशमा गरिबी न्यूनिकरण कसरी गर्न सकिन्छ भन्ने मूल मर्मलाई आत्मसात गर्दै प्रदेश स्तरीय उत्पादन/बजारीकरण/व्यवस्थापन परियोजना संचालन, गुणस्तर सम्बन्धी कार्यक्रम र सहकारीलाई सुदृढ बनाउनका लागि प्रदेश सरकारहरुसँग समन्वय गरी कार्यक्रम गर्ने।

देश संघीय संरचनामा गएको अवस्थामा प्रारम्भिक संस्था, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, प्रादेशिक संघ मार्फत संस्थाहरुलाई सुदृढ बनाई दुग्ध सहकारी अभियानलाई गाउँ गाउँ सम्म पुऱ्याउनका लागि सम्बन्धित प्रदेशहरुसंग समन्वय गरी कार्यक्रमलाई अगाडी बढाउन पहल  गरिनेछ।

**ज) सदस्यता अद्यावधिक/ विस्तार**

संघमा आबद्ध निष्कृय संस्था एवं दुग्ध संकलन नगर्ने अन्य विषयगत संस्थाहरुलाई हटाई विषयगत दुग्ध संकलन, वितरण गरेका सहकारी संघ संस्थाहरुलाई अद्यावधिक गरी सहकारी संघ/संस्थाको विषयगत संघको रुपमा अघि बढाइनेछ तर संघको सदस्यता अद्यावधिक नभएका संघ/संस्थाहरुलाई आ.व. २०८२/८३ को असार मसान्त भित्र गराइसक्न आव्हान गर्ने सो पश्चात पनि अद्यावधिक नगर्ने संघ संस्थालाई केन्द्रको कुनै पनि कार्यक्रम नगर्ने सहभागी नगराउने।

**झ) अध्ययन अवलोकन भ्रमण**

व्यवसायिक पशुपालन, लागत न्यूनीकरण तथा प्रशोधन बजारीकरण कार्यक्रममा अपनाइएको उच्चस्तरिय प्रबिधि जस्ता विषयमा व्यवसायिक क्षमता अभिबृद्धि गर्न बिभिन्न निकायहरुको सहयोग र सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम राखिएकोछ।

**ञ) संघ संस्थाहरुलाई प्राबिधिक सहयोग**

सहकारी संस्था, फर्म, चिस्यान केन्द्र, प्रशोधन कारखाना, बिक्रि केन्द्र जस्ता व्यवसाय संचालन गर्न आवश्यक पर्ने व्यवसायिक योजना, परियोजना प्रस्ताव तयार गर्न प्राबिधिक सहयोग उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

**ट) साझेदारीमा परियोजना संचालन**

प्रदेश सरकार संघिय सरकारबाट स्थापना गरिएका पाउडर कारखाना तथा दुग्ध उद्योगहरु दुग्ध सहकारीहरुसंग सम्वन्वय र सहकार्य गर्दै त्यस्ता उद्योगलाई पुर्नसंरचना मार्फत सहकारी साझेदारीमा संचालन गर्न यस संघले पहल गरीरहेको छ । दुग्ध विकाश संस्थानलाई व्यवस्थित र मजबुत बनाई संचालन गर्न संस्थानको पुर्नसंरचना विषयको उठान भएको छ। यस अवस्थामा संस्थानमा हुने प्रतिनिधि मूलक व्यवस्थामा केन्द्रिय दुग्ध सहकारी संघको सम्मान जनक उपस्थिति गराउन र प्रत्येक जिल्लामा रहेका चिस्यान केन्द्र CDCAN मार्फत जिल्ला दुग्ध उत्पादक सहकारी संघद्धारा संचालन गर्ने गराउने व्यवस्थाको लागि मन्त्रालय मार्फत पहल गरेको छैन।

**ठ) परियोजना संचालन कार्यक्रम**

यस संघले सदस्य संस्था/संघको साझेदारीमा दुग्ध प्रशोधन कारखाना स्थापना गर्ने, सदस्य संघ/संस्थाहरुको आफ्नै प्रशोधन कारखानाबाट उत्पादित दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर कायम गर्न केन्द्रीय दुग्ध सहकारी संघले ती प्रशोधन कारखानाहरुबाट उत्पादित दुधजन्य पदार्थको ब्राण्ड उपलब्ध गराउने र उक्त उत्पादनहरुको बजारीकरण गर्न र उल्लेखित कार्यक्रमहरु सम्पन्न गर्न आवश्यकता अनुसार विभिन्न सहयोगी संघसंस्थाहरुको सहयोग लिई बजारीकरण समेत गर्ने जस्ता कार्यक्रम गरीनेछ।

**ड) नीतिगत अवस्था :**

सरकारी निजी तथा सहकारी क्षेत्रले संयुक्त रुपमा प्रतिलिटर कारोबारको आधारमा सामुहिक कोष स्थापना गरी दुग्ध सहकारी क्षेत्रको उत्पादन र गुणस्तर अभिवृद्धि सम्बन्धि सेवा कार्यक्रमका रुपमा अघि बढाउन प्रारम्भिक छलफल गर्नेछौं।

आ.व. २०६०/६१ को बजेट तथा कार्यक्रमा समावेश विद्युत महशुलमा छुट अनुदान प्राप्त भएकोहुँदा संघीय संरचनामा विभाजन भए प्रश्चात नीतिगत व्यवस्थाको अभावमा नेपाल सरकारबाट विगतमा प्राप्त गरिरहेका विद्युत महशुल छुट सुविधा दुग्ध उत्पादक संघ संस्थाद्धारा सञ्चालित चिस्यान केन्द्रहरुले प्राप्त गरेको विद्युत महशुल छुट सुविधा कटौती भएको हुँदा संघ, प्रदेश, स्थानीय तह, मार्फत अविलम्ब छुट सुविधा कायम गर्न नेपाल सरकारलाई अनुरोध गरीरहेकाछौं, सुनुवाई भएको छैन। अब स्थानीय तह र प्रदेश स्तरमा समेत डेलिगेसन मार्फत दवाव मूलक कार्य अघि बढाउन संघहरुलाई पत्राचार गरिनेछ।

**ढ) तीनै तहका सरकारसँग समन्वय र सहकार्य :**

विगत वर्षहरुमा झैं संघ, प्रदेश र स्थानीय तहसँगको सहकार्यमा विभिन्न तालिम कार्यक्रम, दुग्ध भण्डारण/चिस्यान/प्रशोधन/विविधकरण/बजारीकरण परियोजनामा समेत सहकार्य गरी दुग्ध क्षेत्रको विकासका समन्वयात्मक रुपमा अघि बढाइनेछ। साथै सदस्य संघ संस्थाको संस्थागत विकासका लागि तीनै तहका सरकारलाई नीतिगत विषयमा सहजीकरणका लागि सहयोग माग गरिनेछ।

**ण) बजारीकरण**

दुग्ध उत्पादक सहकारीहरुमा उत्पादित दुग्ध जन्य पदार्थको बजारीकरण व्यवस्थापनका साथै उपभोक्ता सम्म सहकारीका उत्पादन पुऱ्याउन विषेश कार्यक्रम बनाई अगाडी बढिनेछ।

**त) ट्रेड मार्क / गुणस्तरीय मापन**

नेपाल सरकारसँग दुग्ध उत्पादक सहकारीहरुमा उत्पादित दुग्धजन्य पदार्थको ट्रेड मार्क गराई गुणस्तरीय प्रमाण पत्र वितरण प्रणाली लागु गराउन पहल गरिनेछ।

**थ) अन्तराष्ट्रिय बजारीकरण**

अन्तराष्ट्रिय दुग्ध उत्पादक सहकारी उद्योगहरुसंग दुग्ध क्षेत्रको क्षमता तथा सिप बिकासका लागि समन्वय गर्दै दुग्धजन्य पदार्थ छुर्पी, घिउ, चिजतथा अन्य दुग्ध पदार्थहरु अन्तराष्ट्रिय बजारीकरण गर्ने कार्य अघि बढाउन नेपाल सरकारसँग विशेष पहल गरिनेछ।

**द) विपत्ति व्यवस्थापन**

समय समयमा आउने विपत्ति जस्तै कोभिड महामारी, भुकम्प, बाढी पहिरो, पशुजन्य रोगहरुको कारणले कृषि तथा दूग्ध क्षेत्रमा आवद्ध पशुपालन कृषकहरुलाई नराम्रो असर पारेको छ ।समय समयमा आउने यस्ता महामारी बिपत्तिलाई मध्यनजर गर्दै आगामी दिनमा त्यस्ता महामारी बिपत्तिबाट दूग्ध क्षेत्रलाई सुरक्षित राख्न सरोकारवाला निकायसंग छलफल गर्ने। विपत्ति व्यवस्थापनका लागि विपत्ति व्यवस्थापन कोष निर्माण गर्न सरोकारवाला निकायसंग पहल कदमी लिने।

**ध) प्रभावकारी अनुगमन**

समय सापेक्ष अनुसार दुग्ध उत्पादक सहकारी संघ संस्थाहरुलाई सबल सक्षम बनाउन केन्द्रीय दुग्ध सहकारी संघद्धारा जिल्ला संघहरुको अनुगमन गरी सुधारका सुझाव सहित संस्थागत विकास गराउन हेफर प्रोजेक्ट नेपालसँग सहकार्य गरी मिल्की वे र जर्सी भ्याली कार्यक्रमबाट अच्च नश्लको कृतिम गर्वधान गराई उत्पादन र बजारीकरणमा विषेश जोड दिई सहकारीहरुमा उत्साहा जगाइनेछ।

**अन्त्यमा,**

सम्पूर्ण सदस्य संघ संस्थाका प्रतिनिधिज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै संघलाई यो अवस्थासम्म ल्याउन सहयोग र सद्भाव राख्नुहुने सम्पूर्णमा कृतज्ञता प्रकट गर्न चाहन्छु। यस समितिले सबैलाई एकताबद्ध बनाई संघको स्थायी स्रोतको विकास गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा सहयोग र सद्भाव प्रेरीत हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।

सहकारीको क्रियाशिलताले मात्रै उत्सुक्ताका साथ भावी दिनमा यस संघलाई गतिशील बनाउदै लैजानको लागि यहाँहरुको सदैव सहयोग रहनेछ भन्ने विश्वासका साथ हाम्रा सदस्य संघ/संस्था दुग्ध सहकारी अभियानको केन्द्रको रुपमा रहेको यस संघको दीगो विकासको लागी यहाँहरु सम्पूर्ण सदस्य संघ/संस्थाका प्रतिनिधिज्यूहरु सदैव साथ रहने विश्वासका साथ ३१ औं वार्षिक साधारण सभा सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस संघका सदस्य संघ/संस्थाहरुबाट महत्वपूर्ण मार्गनिर्देशन दिई निरन्तर सहयोग पुऱ्याउनुहुने सल्लाहकारज्यूहरु, सञ्चालक तथा लेखा समितिका पदाधिकारीज्यूहरु, सहकारीका विज्ञहरु, नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय दुग्ध विकास बोर्ड, प्रदेश दुग्ध विकास बोर्डहरु, पशु सेवा विभाग, प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, दुग्ध विकास संस्थान, हेफर प्रोजेक्ट नेपाल, फेकोफन, एफएओ, एलओआई तथा यस संघलाई हरहमेसा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु सबैमा यहाँहरुको अमूल्य साथ, सहयोग र सहकार्यप्रति यस संघको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। साथै संघको कार्यमा लगनशिलताका साथ अहोरात्र खट्ने व्यवस्थापक तथा कर्मचारीहरुलाई विशेष धन्यवाद दिदै आगामी दिनमा समेत सबैको निरन्तर साथ, सहयोग, सहकार्य र सद्भावको अपेक्षा राख्दछौं।

**जय सहकारी, धन्यबाद!!**

..............................

**अम्मर बहादुर कुँवर**
**अध्यक्ष**

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

**नयाँ बानेश्वर काठमाण्डौ**

## ३१ औं वार्षिक साधारण सभामा कोषाध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

■ बालकृष्ण उप्रेती, कोषाध्यक्ष



**सभाका आदरणीय सभापति तथा संघका अध्यक्षज्यू,**

आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, देशभरका सदस्य संघ/संस्थाहरुबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, पत्रकार एवं कर्मचारी मित्रहरुमा संघको कोषाध्यक्षको तर्फबाट र व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु।

विगत २०४९ साल चैत्र २० गते स्थापना भएको नेपालको पहिलो विषयगत संघको साधारण सभादेखि हालसम्म संघले गरेका कामको समिक्षा गरी आ.ब. २०८२/८३ को नीति कार्यक्रम तथा बजेट तय गर्न यस गरिमामय साधारण सभामा उपस्थित भएका छौं। विगत कोभिड १९ को माहामारीको कारणबाट कृषकहरुको माझ सहकारी मार्फत कार्यक्रम पुर्‍याउन कठिनाइका बाबजुद दुग्ध सहकारी क्षेत्रको प्रबर्द्धन गरी कृषकहरुको हकहित संरक्षण गर्न, सहकारी मार्फत दुग्ध उत्पादन बृद्धि गरी सहरको पैसा गाऊँ लैजान, परम्परागत दुग्ध व्यवसायलाई मर्यादित बनाउँदै व्यवसायिकरण गरी बजारीकरण समेत गर्न दुग्ध उत्पादन बृद्धि, गुणस्तर सुधार, मूल्य बृद्धि, शिक्षा, तालिम, भ्रमण, पशुबिमा, सहकारी संघ/संस्था सुदृढीकरण, उत्पादन लागत न्यूनिकरण, पहलकदमी र पैरवी लगायतका विषयमा संघको महत्वपूर्ण भूमिका रहिआएको छ। साथै तीनै तहका सरकार, गैर सरकारी संघ संस्था र सम्बन्धित निकायसँग सहकार्य र समन्वय गरी दुग्ध क्षेत्रका समस्या समाधान गर्न संघले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। विभिन्न चुनौतीका बाबजुद दिगो आर्थिक स्रोतसहितको सबल र सुदृढ संघ निर्माण गर्न लागिरहेका छौं त्यसका लागि सबै सरोकारवाला निकायको समेत सहयोगको अपेक्षा गरेका छौं। साथै यस केन्द्रीय संघको नेतृत्वमा दूधको वक्यौता रकम भुक्तानी र नियमित दूध विक्रि सम्बन्धमा २०८०/०८१ मा २ पटक देश व्यापी आन्दोलन गरी नेपाल सरकारबाट कृषकको दूधको भुक्तानीको लागि ९० करोड निकासा गरेको ब्यहोरा अवगत गराउन चाहन्छु।

**आदरणीय प्रतिनिधीज्यूहरु,**

आ.व. ०८२।८३ का लागि निम्नानुसारका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- संघका सञ्चालक समितिका अध्यक्षज्यूको प्रतिवेदनमा आएका कार्यक्रमहरु सञ्चालनका लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय तह तथा गैरसहकारी संघ संस्थाहरुको साझेदारी तथा सदस्य संघ संस्थाहरु समेतको लागत सहभागीतामा कार्यक्रम संचालन गरिने छ।
- संघका संचालकहरुले कुनै प्रकारको तलब भत्ता सुविधाहरु नलिदा  समेत आम्दानी भन्दा बढी खर्च रहेको हुदाँ संघ स्थाई प्रकृतीको आम्दानीका स्रोत जुटाउनु पर्ने देखिन्छ।
- संघको स्थायी स्रोतका रुपमा दुग्ध सहकारीबाट प्राप्त हुने शेयर र सेवा शुल्क भएको हुँदा सम्पूर्ण सदस्य संघ, संस्थाहरुलाई न्यूनतम ५० कित्ता बराबरको शेयर पुँजी पुर्‍याउनका लागि आव्हान गरीएकोमा सबै सदस्य संस्थाबाट नपुर्‍याएकोले तदारुकताका साथ शेयर पुँजी पुर्‍याउन र बाँकी सेवा शुल्क बुझाउन सम्पूर्ण सदस्य संघहरुलाई यस अभियानमा साथ दिन र संस्थाहरुलाई सहयोगी संस्थाका रुपमा आबद्ध हुनका लागि अनुरोध गर्दछौं।
- संघले आर्थिक मितव्ययिता तथा पारदर्शिता अपनाई कम खर्च गरी बैंकिङ्ग प्रणालीमा आर्थिक कारोबार गर्ने व्यवस्था गरेको छ।
- संघले स्थायी स्रोतको विकासका लागि सरकारी, सहकारी, साझेदारीमा उद्योगहरुमा शेयर लगानी गरीस्रोत व्यवस्थापन हुनसक्ने र सम्पूर्ण सदस्य संघ संस्थाहरुलाई लगानी वृद्धि तथा कार्यक्रममा साझेदारीका लागि आव्हान गर्दछौं।
- संघका कर्मचारीहरुलाई सेवा निवृत्त हुँदा अवकाश सुविधा प्रदान गर्नका लागि गत वर्षबाट उपदान कोषको व्यवस्था गरी अघि बढाइएकोमा त्यसलाई निरन्तरता दिइने छ।
- आन्तरीक कार्यविधि तथा प्रचलित आर्थिक नियमहरुमा रहेर सामान खरीद गरिनेछ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकन भ्रमण तथा तालिमको लागि यस संघ र सम्बन्धित सहकारी संघ/संस्था, सरकारी, गैरसरकारी संघ/संस्था तथा ३ तहका सरकार सँगको साझेदारी र सहकार्यमा बजेट व्यवस्था गरि कार्यक्रम अगाडि बढाइनेछ।
- संघले सदस्य संघसंस्थालाई आवश्यक पर्ने बिभिन्न प्रकारका प्रकाशनहरु नियमित रुपमा छपाई, दुग्ध सहकारीका लागि लेखा व्यवस्थापन सफ्टवेयर निर्माण, दुग्ध सामग्री तथा उपकरणको बजार व्यवस्थापनगरी आम्दानीको श्रोत बृद्धि गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- वागमती प्रदेश सरकारबाट संचालित सरकारी, सहकारी र नीजि क्षेत्रको लगानीमा सदस्य संघ/संस्थाको साझेदारीमा सहकारी धुलोदूध प्रशोधन कारखाना, चकलेट लगायतका उद्योग सञ्चालन गर्न आवश्यक पहल गरीनुपर्ने देखिन्छ।
- प्रारम्भिक संस्था, जिल्ला संघ, केन्द्रीय संघमा प्रतिनिधित्व गर्न दुग्ध उत्पादनमा लागेका युवा जनशक्ति सहभागिताका लागि आवश्यक नीति नियम बनाउनुपर्ने र महिला प्रतिनिधिको विषेश व्यवस्था गरी केन्द्रीय संघलाई राजनितिक हस्तक्षेपबाट मुक्त बनाउनु पर्नेछ।
- सहकारी ऐन नियमावली अनुसार नचलेका नियमित साधारण सभा नभएका र दुग्ध उत्पादन व्यवसायमा नलागेका व्यक्तिहरुलाई जिल्ला संघ, केन्द्रीय संघको प्रतिनिधि स्वीकार नगर्ने नीति अवलम्बन गरिनु पर्दछ।
- हाल देशमा दुधको बजारीकरणमा रहेको समस्या निराकरण गर्न छुर्पी तथा चकलेट उत्पादन गरी अन्तराष्ट्रिय बजारमा निर्यात गर्न आवश्यक पर्ने निति नियम गुणस्तरको मापदण्ड निर्माण गर्न नेपाल सरकारका सम्बन्धित निकाय संग पहल गरिने छ।
- लामो समयसम्म दुग्ध सहकारीमा पद ओगट्ने परिपाटीको अन्त्य गरी दुग्ध उत्पादन व्यवसायमा लागेका युवाहरुलाई नेतृत्व हस्तान्तरण गर्दै सहयोगीको भुमिकामा रहने संस्कारको थालनी अनिवर्य गरीनुपर्दछ।

**कारोबारको संक्षिप्त विवरण :**

**संघको लगानी**

| | |
|---|---|
| राष्ट्रिय सहकारी महासंघ लि. नेपालमा | रु. ५०,०००/- |
| राष्ट्रिय सहकारी बैक लि.मा | रु. २,००,०००/- |
| धुलो दुध कारखानामा | रु. ५,०००/- |
| जम्मा | रु. २,५५,०००/- |
| विभिन्न बैंकमा रहेको जम्मा रकम | रु. ५४,५९,०४७/२९ |
| स्वरोजगार कोषको सदस्य संस्थाहरुमा उठ्नबाँकी ऋण रकम | रु. १०,३३,२३२/९६ |

**शेयर पुँजी**

| | |
|---|---|
| सदस्य संघ संस्था तर्फको शेयर पुँजी रकम | रु ११,६५,०००/- |
| सहकारी धुलो दूध कारखाना तर्फको शेयर पुँजी | रु १४,७४,१००/- |
| कूल शेयर पुँजी | रु २६,३९,१००/- |
| जगेडा तथा अन्य कोषमा | रु ४७,५२,३९०/४१ |
| कार्यक्रम आम्दानी | रु. ६७,३०,१९७/- |
| अन्य नियमित आम्दानी | रु. ९१४,७४६/१५ |
| जम्मा आम्दानी | रु. ७६,४४,९४३/१५ |
| कार्यक्रम खर्च | रु. ४२,३५,३४६/६२ |
| अन्य नियमित खर्च | रु. २५,२९,३४४/५२ |
| जम्मा खर्च | रु. ६७,६४,६९१/१४ |
| आयकर व्यवस्था पछिको आम्दानी बचत रकम | (रु २४,०८,०५१/२५) |
| गत वर्षको खुद नोक्सन | रु ८८०,२५२/०१ |
| आ.व. ८०/८१ को खुद नोक्सान | रु १५,२७,७९९/२४ |

संघको आर्थिक क्रियाकलापका बारेमा आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनबाट विस्तृत रुपमा जानकारी पाउनुहुनेछ।

**आदरणीय प्रतिनिधिज्यूहरु,**
आ.व.०८१/०८२ को यथार्थ आय/व्यय तथा चालु आ.व. २०८२/०८३ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

| **खर्च विवरण** | | | | |
|---|---|---|---|---|
| **खर्च** | **०८१/०८२ को यथार्थ (रु.)** | **०८२/०८३ को अनुमानित (रु.)** | **परिवर्तन (%)** | **कैफियत** |
| बचतमा ब्याज खर्च | ५,९६४.६३ | ६,२१७.२२ | ४.२३ | |
| कर्मचारी खर्च | १,५५९,७७६.२८ | ३,२२०,000.00 | १०६.४४ | |
| घर भाडा | २१८,४00.00 | २२९,३२0.00 | ५.00 | |
| मसलन्द स्टेशनरी | २९,९00.00 | ४0,000.00 | ३३.७८ | |
| अतिथी सत्कार | ८0,२७३.00 | ९0,000.00 | १२.१२ | |
| टेलिफोन इन्टरनेट | २२,५00.00 | २५,000.00 | ११.११ | |
| छपाई खर्च | ८५,२५0.00 | ९५,000.00 | ११.४४ | |
| मर्मत खर्च | २,३४५.00 | ४,000.00 | ७0.५८ | |
| ले प शुल्क | २८,२५0.00 | ३0,000.00 | ६.१९ | |
| साधारण सभा खर्च | ११३,८७८.00 | १५0,000.00 | ३१.७२ | |
| धूलो दूध/प्रशोधन कारखानामा शेयर | 0.00 | १,५00,000.00 | १00.00 | |
| सहकारी बैंकमा शेयर थप | 0.00 | ५0,000.00 | १00.00 | |
| पत्रकार सम्मेलन, अर्न्तक्रिया | 0.00 | ५0,000.00 | १00.00 | |
| महासंघ आबद्धता शुल्क | ५,000.00 | ५,000.00 | 0.00 | |
| ह्रास कट्टि | ६३,७२७.९४ | १२६,२८९.२५ | ९८.१७ | |
| परिवहन | १६४,0७५.00 | १९५,000.00 | १८.८५ | |
| बिजुली पानी खर्च | ८,३८0.00 | ९,000.00 | ७.४0 | |
| सरसफाई खर्च | १,६३0.00 | ३,000.00 | ८४.0५ | |
| विज्ञापन | २१,५२६.00 | २५,000.00 | १६.१४ | |
| विविध खर्च | ११८,४६८.६७ | १२५,000.00 | ५.५१ | |
| **जम्मा** | २,५२९,३४४।५२ | ५,९७७,८२६।४७ | १३६।३४ | |
| कार्यक्रम खर्च | ४,२३५,३४६.६२ | ११,७५0,000.00 | १७७.४३ | |
| **कूल जम्मा** | ६,७६४,६९१।१४ | १७,७२७,८२६।४७ | १६२।0६ | |
| **आम्दानी विवरण** | | | | |
| **आम्दानी** | **०८१/०८२ को यथार्थ (रु.)** | **०८२/०८३ को अनुमानित (रु.)** | **परिवर्तन (%)** | **कैफियत** |
| मालसामान बिक्रि | 0.00 | ५0,000.00 | १00.00 | ट्याग एप्लिकेटर |
| लगानीबाट ब्याज | 0.00 | ३0,000.00 | १00.00 | शून्य लगानी |

| | | | | |
|---|---|---|---|---|
| ऋणमा ब्याज | ०.०० | ३००,०००.०० | १००.०० | |
| बैंकबाट ब्याज | १२९,२८१.६४ | १५०,०००.०० | १६.०३ | बैंक मौज्दातमा वृद्धि |
| प्रसासनिक आय | १,०००.०० | १०,०००.०० | १००.०० | २० संस्था रु ५०० का दरले |
| वार्षिक शुल्क | ३८९,५००.०० | १,०००,०००.०० | १५६.७४ | सबै सदस्यबाट नविकरण |
| विविध आम्दानी (क्यालेण्डर) | ३९२,३५७.०० | ५००,०००.०० | २७.४३ | |
| **जम्मा** | ९१२,१३८.६४ | २,०४०,०००.०० | १२३.६५ | |
| कार्यक्रम सहयोग | ६,६३५,१९७.०० | १५,७००,०००.०० | १३६.६२ | अनुसूची ३ बमोजिम |
| **जम्मा** | ७,५४७,३३५.६४ | १७,७४०,०००.०० | १३५.०५ | |

**अनुसूचीहरु**

**अनुसूची १ कर्मचारी खर्च**

| खर्च | ०८१/०८२ को यथार्थ (रु.) | ०८२/०८३ को अनुमानित (रु.) | परिवर्तन (%) | कैफियत |
|---|---|---|---|---|
| तलब खर्च | १,३३४,५७३.८७ | २,५००,०००.०० | ८७.३३ | |
| सामाजिक सुरक्षा खर्च | २२५,२०२.४१ | ६५०,०००.०० | ६०.०० | |
| जम्मा | १,५५९,७७६.२८ | ३,१५०,०००.०० | १०१.९५ | |

**अनुसूची २ कार्यक्रम खर्च**

| खर्च | ०८१/०८२ को यथार्थ (रु.) | ०८२/०८३ को अनुमानित (रु.) | परिवर्तन (%) | कैफियत |
|---|---|---|---|---|
| पशुबिमा गोष्ठी | ०.०० | २००,०००.०० | १००.०० | |
| सदस्य संघ संस्था गोष्ठी | ५००,०००.०० | ७००,०००.०० | २८.५७ | |
| सरोकारवाला अर्न्तक्रिया गोष्ठी | ०.०० | ३००,०००.०० | १००.०० | |
| रणनीतिक योजना विकास तालिम | २५०,०००.०० | ५००,०००.०० | ५०.०० | |
| व्यवसाय योजना विकास तालिम | २५०,०००.०० | २००,०००.०० | -२५.०० | |
| अवलोकन भ्रमण सदस्य | १५०,०००.०० | ४००,०००.०० | ६२.५० | |
| अवलोकन भ्रमण महिला | ०.०० | १५०,०००.०० | १००.०० | |
| अवलोकन भ्रमण वैदेशिक | ०.०० | १,०००,०००.०० | १००.०० | |
| गुणस्तर तथा व्यवस्थापन/दाना, दुग्धजन्य पदार्थ अन्तरक्रिया कार्यक्रम | २५०,०००.०० | ५००,०००.०० | ५०.०० | |
| लेखा व्यवस्थापन तालिम | ०.०० | ४००,०००.०० | १००.०० | |
| सहकारी व्यवस्थापन तालिम | २००,०००.०० | ४००,०००.०० | ५०.०० | |
| असल उत्पादन अभ्यास | १,८००,०००.०० | २,०००,०००.०० | १०.०० | |
| मिल्क एनालाइजर तालिम | २००,०००.०० | ३००,०००.०० | ३३.३३ | |

| | | | | |
|---|---|---|---|---|
| प्रशिक्षक प्रशिक्षण तालिम | ०.०० | २००,०००.०० | १००.०० | |
| कोपोमिस अभिमुखिकरण तथा सञ्चालन तालिम | ०.०० | २००,०००.०० | १००.०० | |
| प्रस्ताव लेखन तालिम | १५०,०००.०० | १००,०००.०० | -५०.०० | |
| डेरी पार्लर स्थापना | ०.०० | २,०००,०००.०० | १००.०० | |
| ब्राण्डिङ्ग र बजारीकरण | ०.०० | ५००,०००.०० | १००.०० | |
| संघ सुदृढीकरण | २००,०००.०० | ३००,०००.०० | ३३.३३ | |
| सफ्टवेयर निमार्ण | ०.०० | २००,०००.०० | १००.०० | |
| महिलाको आर्थिक सशक्तिकरण | २००,०००.०० | २००,०००.०० | ०.०० | |
| अध्यक्ष तथा व्यवस्थापक अर्न्तक्रिया गोष्ठी | ०.०० | ४००,०००.०० | १००.०० | |
| सदस्य संघ संस्था अद्यावधिक | ०.०० | ५००,०००.०० | १००.०० | |
| विविध कार्यक्रम | ८५,३४६.६२ | १००,०००.०० | १४.६५ | |
| जम्मा | ४,२३५,३४६.६२ | ११,७५०,०००.०० | १७७.४३ | |

**अनुसूची ३ कार्यक्रम आम्दानी**

| आम्दानी | ०८१/०८२ को यथार्थ (रु.) | ०८२/०८३ को अनुमानित (रु.) | परिवर्तन (%) | कैफियत |
|---|---|---|---|---|
| पशुबिमा गोष्ठी | ०.०० | २००,०००.०० | १००.०० | सीडिक्यान, हेफर, एफएओ, कासा, तथा अन्य संघसंस्था |
| सदस्य संघ संस्था गोष्ठी | ५००,०००.०० | १,०००,०००.०० | ५०.०० | सीडिक्यान, हेफर, रा.दु.वि.बोर्ड, प्रदेश दु.वि. बोर्ड, अन्य संघसंस्था |
| सरोकारवाला गोष्ठी | ०.०० | ५००,०००.०० | १००.०० | सीडिक्यान, हेफर, एफएओ, रा.दु.वि.बोर्ड, प्रदेश दु.वि.बोर्ड, सेसी तथा अन्य संघसंस्था |
| रणनीतिक योजना विकास तालिम/गोष्ठी | २५०,०००.०० | ५००,०००.०० | ५०.०० | सीडिक्यान, हेफर, एफएओ, संघीय सरकार, कासा, सेसी, रा.दु.वि.बोर्ड, फेकोफन, एफएओ, प्रदेश दु.वि.बोर्ड, अन्य संघसंस्था |
| व्यवसाय योजना विकास तालिम/गोष्ठी | २५०,०००.०० | २००,०००.०० | -२५.०० | |
| अवलोकन भ्रमण सदस्य | १५०,०००.०० | ४००,०००.०० | ६२.५० | |
| अवलोकन भ्रमण महिला | ०.०० | २००,०००.०० | १००.०० | |
| अवलोकन भ्रमण वैदेशिक | ०.०० | १,०००,०००.०० | १००.०० | |
| गुणस्तर तथा व्यवस्थापन/दाना, दुग्धजन्य पदार्थ अन्तरक्रिया कार्यक्रम | २५०,०००.०० | ५००,०००.०० | ५०.०० | सीडिक्यान, हेफर, एफएओ, संघीय सरकार, कासा, सेसी, रा.दु.वि.बोर्ड, प्रदेश दु.वि.बोर्ड, अन्य संघसंस्था |
| लेखा व्यवस्थापन तालिम | ०.०० | ४००,०००.०० | १००.०० | सीडिक्यान, प्रदेश |
| सहकारी व्यवस्थापन तालिम | २००,०००.०० | ४००,०००.०० | ५०.०० | |

| | | | | |
|---|---|---|---|---|
| जि.एम.पि. तालिम | १,८००,०००.०० | २,०००,०००.०० | १०.०० | सीडिक्यान, हेफर, कासा, एफएओ, रा.दु.वि.बोर्ड, प्रदेश दु.वि.बोर्ड, अन्य संघसंस्था |
| मिल्क एनालाइजर तालिम | २००,०००.०० | ३००,०००.०० | ३३.३३ | सीडिक्यान, हेफर, पि.टि.बि., रा.दु.वि.बोर्ड, प्रदश दु.वि.बोर्ड, अन्य संघसंस्था |
| कोपोमिस अभिमुखिकरण तथा सञ्चालन तालिम | ०.०० | २००,०००.०० | १००.०० | सीडिक्यान, विभाग, प्रदेश, अन्य संघसंस्था |
| प्रस्ताव लेखन तालिम | ०.०० | ४००,०००.०० | १००.०० | सीडिक्यान, हेफर, रा.दु.वि.बोर्ड, अन्य संघसंस्था |
| प्रशिक्षक प्रशिक्षण तालिम | १५०,०००.०० | ४००,०००.०० | ६२.५० | सीडिक्यान, हेफर, रा.दु.वि.बोर्ड, अन्य संघसंस्था |
| डेरी पार्लर स्थापना | ०.०० | ३,०००,०००.०० | १००.०० | सीडिक्यान, हेफर, संघीय सरकार, कासा, सेसी, दुग्ध प्रशोधक सहकारी संघसंस्था |
| ब्राण्डिङ्ग र बजारीकरण | ०.०० | ५००,०००.०० | १००.०० | |
| डेरी सामग्री खरीद बिक्रि | ०.०० | ३००,०००.०० | १००.०० | सीडिक्यान, सत्यम् प्लाष्टो |
| संघ सुदृढीकरण | २००,०००.०० | ६००,०००.०० | ६६.६७ | संघीय सरकार, सीडिक्यान, हेफर, रा.दु.वि.बोर्ड, प्रदेश दु.वि.बोर्ड अन्य संघसंस्था |
| सफ्टवेयर निमार्ण | ०.०० | २००,०००.०० | १००.०० | |
| महिलाको आर्थिक सशक्तिकरण | २००,०००.०० | ८००,०००.०० | ७५.०० | |
| सदस्य संघ संस्था अद्यावधिक | ०.०० | ५००,०००.०० | १००.०० | हेफर, राष्ट्रिय दुग्ध विकास बोर्ड |
| अध्यक्ष तथा व्यवस्थापक गोष्ठी | ०.०० | २००,०००.०० | १००.०० | संघीय सरकार, सीडिक्यान, हेफर, रा.दु.वि.बोर्ड, प्रदेश, अन्य संघ संस्था |
| विविध कार्यक्रम | ८५,३४६.६२ | १,०००,०००.०० | ९१.४७ | |
| **जम्मा** | ४,२३५,३४६.६२ | १५,७००,०००.०० | २७०.६९ | |

**अन्त्यमा,**

यस संघलाई यस अवस्था सम्म ल्याउन सहयोग गर्नुहुने संघ/संस्थाका प्रतिनिधीज्यूहरु,संचालकज्यूहरु, पूर्व संचालकज्यूहरु, कर्मचारी मित्रहरु, सरोकार निकायका प्रतिनिधिज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यबाद दिदै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा लिएका छौं । प्रतिनिधिज्यूहरुले आवश्यक सुझाव सल्लाह सहित यो प्रतिबेदन बन्द सत्रबाट पारित गरिदिनुहुनेछ भन्ने अपेक्षा गर्दै यस मञ्चबाट ओझेल हुन चाहन्छु । सहकारी अभिवादन ।

**जय सहकारी !!**

**बालकृष्ण उप्रेती**

**कोषाध्यक्ष**

# केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

**नयाँ बानेश्वर काठमाण्डौ**

## लेखा समितिको तर्फबाट संयोजकज्यूद्धारा ३१ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन



■ श्री नवराज बराल, लेखा समिति संयोजक

(सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परिक्षण अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ को दफा ११(४) संग सम्बन्धीत)

सहकारी अभियानको विकास प्रबर्द्धन र उत्पादनको लागि ३१ औं बार्षिक साधारण सभा कार्यक्रमका सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, उपस्थित सदस्यसंघ/संस्थाका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, एवं समस्त उपस्थित सम्पूर्णमा लेखा समिति संयोजकको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु।

दूधलाई देशमा आत्मनिर्भरता बनाउने सरकारको लक्ष्यलाई पूरा गर्नका लागि विभिन्न समस्याहरुको समाधान गर्दै गुणस्तरीय दूध उत्पादन, बजारीकरण तथा चेतना अभिवृद्धि कार्यलाई निरन्तरता दिईरहेको अवस्थामा कोभिड १९ को प्रभावबाट सम्पूर्ण दुग्ध उत्पादक कृषकहरुले ठुलो क्षति व्यहोर्न परेको अवस्था रहदा रहदै पनि निरन्तर उत्पादनमा लागि रहनु भएकोमा लेखा समितिको तर्फबाट हार्दिक धन्यवाद सहित व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर उत्पादन कार्यमा लागिरहनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं।

संघको आ.व.०८१।०८२ मा संघले गरेको आर्थिक गतिबिधि, खर्च गर्दा पुऱ्याइएको विधि प्रकृया, लेखा राख्ने प्रणाली एवं साधारण सभाले आर्थिक कारोबारसंग सम्बन्धित भएर गरेका निर्णयहरु तथा संघको सञ्चालक समितिले आवश्यकता अनुसार गरेका निर्णयहरु सम्बन्धमा लेखा समितिले बैठक बसी अध्ययन गर्ने, सुझाव दिने तथा सुझाव कार्यान्वियन भए नभएको बारेमा समितिलाई सजग गराउने काम हाम्रो क्षमताले भ्याए सम्म राय सल्लाह सुझाव प्रदान गरिएको व्यहोरा यस सम्मानित साधारण सभामा प्रतिवेदन मार्फत जानकारी गराउने अनुमति चाहन्छौं।

१. ३० औं वार्षिक साधारण सभाले गरेको निर्णयहरु पालना गरी क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिएको छ।

२. निर्णयहरु कार्यान्वयनको अबस्था : समिति एवं उपसमितिको बैठकहरु आवश्यकता अनुसार बसी संघ सुदृढीकरण, शुद्ध दुध उत्पादन, पशुधन संरक्षण, किसान केन्द्रीत कार्यक्रमहरु र दुग्ध व्यवसाय प्रवर्द्धन जस्ता विषयमा महत्वपूर्ण निर्णयहरु गरेको र सो निर्णयहरु तथा कार्यक्रमलाई क्रमिक रुपमा निरन्तरता दिइएको पाइन्छ।

३. संघको बैठक : संघको आ.व. ०८१/०८२ मा सञ्चालक समितिको बैठक ५ पटक बसेको र लेखा समितिको बैठक २ पटक बसेको देखिन्छ।

